नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्स: :०९६-४२०१५३
daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा


पत्रसंख्या :- २०७७/०७८/प्र.
चलानी नं. :-

मिति :- २०७८/ ०४/ १४

## डडेल्धुरा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

यस जिल्लामा नयाँ भेरियन्टको कोभिड-१९ महामारीको संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, संक्रामक रोग ऐन, २०२०, कोभिड-१९ सङ्कट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०४/१५ गते राती १२:०० बजेसम्म जारी निषेध आदेशलाई मिति २०७८/०४/३२ गते राती १२:०० बजेसम्म डडेल्धुरा जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको छ। यो आदेशको पालना गर्नु गराउनु सवै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्वन्धित सवैमा जानकारी गराइन्छ।

तपसिल

**१.सर्वसाधारणको आवतजावतको हकमा**

क. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक अनावश्यक रुपमा भीडभाड गरी हिडडुल नगर्ने।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक-पटक साबुन पानीले हातधुने र सेनिटाइजरको प्रयोग गर्ने।

**२.अत्यावश्यक सामग्री खरिदका सम्बन्धमा:**

क. औषधि तथा स्वास्थ्य सामग्रीका पसल २४ घण्टा नै खुला गर्ने।

ख. खाद्य सामग्रीका पसलहरु, तरकारी, दुग्धजन्य तथा मासु पसल र स्टेशनरी पसलहरु बिहान ०७:०० बजे देखि साँझ ०७:०० बजेसम्म खुला गर्ने।

ग. खाद्य सामग्री, ग्रोसरी, औषधि पसल लगाएत सवै पसलहरु एवं व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेका जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालना गरेर मात्र संचालन गर्ने।

घ. अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव देखाई मूल्य बृद्धि, कालोवजारी वा जम्माखोरी गर्ने, लुकाउने वा आपुर्तिमा अवरोध सृजना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून वमोजिम कारवाही गर्ने।

क्रमश:

२०७८/०४/१४
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३

daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा

३. सभा सम्मेलनको हकमा

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, क्लव, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, पुस्तकालय, संग्रहालय, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. विवाह व्रतबन्धको हकमा बढीमा २५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने । होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने ।

ग. पुजारीबाट हुने नित्य पूजा बाहेकका अन्य धार्मिक, साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने ।

४. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा:

क.सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन सम्बन्धमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी सञ्चालन गर्ने ।

ख. शैक्षिक संस्थाहरु भौतिक उपस्थितीमा पठन पाठन गराउन र सञ्चालन गर्न/गराउन नपाईने ।

ग. स्वास्थ्य मापदण्डको पालना गर्दै फेन्सि, फर्निचर, भाँडा वर्तन पसल लगाएत अन्य पसलहरु विहान ०७:०० बजे देखी बेलुका ०७:०० बजेसम्म सञ्चालन गर्ने । साथै सो समयमा होटल र रेष्टुरेण्टले खाना प्याक गरी Take way सेवा दिन सक्ने छन् ।

५. औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धि पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने ।

६. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गर्ने ।

२०७८।०४।१४

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी